# हिलिहाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर

अध्यक्ष :- ९८५२६८४४९९
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र. प्र. अ :- ९८५२६८४४७७

प्रदेश नं. १, नेपाल


पं. सं. :- २०७७/०७८
चं. नं. :- ८६१

मिति:- २०७८।०३।०४

**विषय :- मार्गदर्शन सहित सिलिङ पठाईएको ।**

**श्री वडा समितिको कार्यालय, सबै ।**
**हिलिहाङ गाउँपालिका ।**

प्रस्तुत सम्बन्धमा यस कार्यालयको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७८/०३/०४ गते बसेको बैठकले निर्धारण गरेको देहायनुसारको वडागत बजेट विनियोजन र मार्गदर्शनको परिधिभित्र रही आगामी मिति २०७८/०३/०६ गते भित्र तहाँको वडाभेला मार्फत छनौट भएका योजना तथा कार्यक्रमहरु यस कार्यालयको बजेट नीति तथा कार्यक्रम तर्जुमा समितिमा यथाशिघ्र पठाईदिनहुन जानकारी गराउँदछु ।

**वडागत विनियोजन तथा मार्गदर्शनहरु :-**

- प्रत्येक वडाहरुलाई रु ४५,००,००० (रु पैंतालिस लाख) का समान दरले वजेट सिलिङ निर्धारण गरिएको छ । प्राप्त सिलिङ बाट सम्बन्धित वडाहरुले योजना तथा कार्यक्रमहरु मात्र समावेश गरी पठाउनु पर्नेछ ।
- प्रत्येक वडाहरुको कार्यालय सञ्चालन तर्फको लागि वजेट विनियोजन एकमुष्ट भईसकेकोले प्राप्त सिलिङबाट वडाले पुन कार्यालय सञ्चालन तर्फका चालु खर्च शीर्षकमा वजेट विनियोजन गर्न पाइने छैन ।
- **भौतिक पूर्वाधार** निर्माण तर्फ रु २ लाख भन्दा माथिका योजना तथा कार्यक्रमहरु मात्र प्रस्ताव गर्न सकिनेछ । कार्यक्रमसँग सम्बन्धित भए रु १ लाख भन्दा माथीका कार्यक्रमहरु मात्र पेश गर्नुपर्नेछ ।
- **सामाजिक विकास** अन्तर्गत जनताका आधारभूत सेवाहरुसँग जोडिएको स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, लक्षित कार्यक्रमहरु जस्ता कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिई योजना तथा कार्यक्रमहरु प्रस्ताव गर्नुपर्नेछ ।
- **आर्थिक विकास** तर्फ कृषि, पशु, सीपमूलक तालिम, लघु उधम, पर्यटन तथा सहकारी जस्ता विषयहरु सँग सम्बन्धित योजना तथा कार्यक्रमहरु प्रस्ताव गर्नुपर्नेछ ।
- **पूर्वाधार विकास** तर्फ अधुरा स्थानीय सडक, सिँचाई, सार्वजनिक तथा सामुदायिक भवन, वैकल्पिक उर्जा लगायत अन्य आवश्यक पूर्वाधारजन्य योजना तथा कार्यक्रमहरुसँग सम्बन्धित योजना तथा कार्यक्रमहरु पेश गर्नुपर्नेछ ।
- **वातावरण संरक्षण तथा विपद व्यवस्थापन** अन्तरगत वातावरण संरक्षण, भू संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला तथा ढल व्यवस्थापन, प्रकोप नियन्त्रणसँग सम्बन्धित अति आवश्यक योजना तथा कार्यक्रमहरु प्रस्ताव गर्न सकिनेछ ।
- **गरिवी निवारणमा प्रत्यक्ष योगदान** पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, आम्दानी र रोजगार वृद्धि गर्ने, स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने, दिगो विकास र वातावरणीय संरक्षण गर्ने, स्थानीय भाषिक तथा साँष्कृतिक विकास गर्ने तथा समावेशी विकासमा योगदान पुर्याउने योजना तथा कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिई प्रस्ताव गर्नु पर्नेछ ।

०७८/०३/०४

बिक्रम लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :-**
श्री संयोजकज्यू, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ।
श्री संयोजकज्यू, बजेट तथा कार्यक्रम तर्जुमा समिति ।